# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## लुम्बिनी प्रदेश

**सेवा करार पदपूर्ती सम्बन्धी जरुरी सूचना।।।**

**सूचना प्रकाशन मिति २०७७/१२/०३**

उपर्युक्त सम्बन्धमा गृह मन्त्रालय (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग) को प.सं. २०७७/०७८ च.नं. १६०४ मिति २०७७/१०/२८ को परिपत्र तथा यस कोहलपुर नगरपालिकामा संचालित सेवा ईकाइका लागि तपशिल बमोजिम प्राविधिक कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले ०७(सात) दिन भित्र रित पूर्वकको आवेदन भरी पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| क.स. | वि.नं. | पद | संख्या |
|---|---|---|---|
| १ | १३/०७७-०७८ | विवरण संकलक | ३ (तिन) जना |

१. आवश्यक न्यूनतम योग्यता :- कम्तिमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण भएको हुनुपर्ने ।

२. अनुभव र सीपः (अ) कम्तीमा ३ महिना तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,माथिल्लो शैक्षिक योग्यता भएका र संगठित संस्थाको कार्यानुभव भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

३. उमेरः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गको हकमा ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

४. दरखास्त दिने स्थानः कोहलपुर नगरपालिका, सामाजिक विकास शाखा, कोहलपुर, बाँके ।

५. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र र ०७ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा कार्यालय समय भित्र।

६. आवेदन दस्तुरः- रु ४००।(चार सय) मात्र) ।

७. छनौटको किसिमः- प्रयोगात्मक र अन्तरवार्ता ।

८. पूर्णाङ्क र उत्तिर्णङ्कः- ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा र प्रयोगात्मक परीक्षामा उत्तिर्ण उम्मेदवारको १५ पूर्णाङ्कको अन्तरवार्ता हुनेछ ।

९. पाठ्यक्रम :- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको विवरण दर्ता अपरेटरको लागि तोकिएको पाठ्यक्रम हुनेछ ।

१०. आवश्यक कागजात :- आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छः (क) नागरिकता प्रमाणपत्र, (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) काम गरेको संस्थाबाट अनुभव खुल्ने प्रमाणित कागजात र (ङ) ३ प्रति पासपोर्ट आकारको फोटो हुनुपर्ने छ। नेपाल बाहेकका मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षता अनिवार्य हुनेछ।

११. सेवा सुविधाः- काम गरेको दिनको रु १२००/- हुनेछ र आवश्यकता शिविर संचालन भएको दिनमा खाना, नास्ता।

१२. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले तोके बमोजिम हुनेछ।

१३. सम्पर्क मितिः- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन बिहान १०.०० बजे देखि साँझ ५.०० बजे सम्म।

१४. उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

..........................

(छविलाल नेपाली)

प्रमुख प्रशासकीय अधिकृत